# गैर-चीनिया भाषी (NCS) विद्यार्थीहरूका लागि शिक्षा सहायता उपायहरूबारे संक्षिप्त जानकारी
# Brief on Education Support Measures for Non-Chinese Speaking (NCS) Students

नेपाली भर्जन
**Nepali Version**

***निर्धारित विद्यालयहरू***

- शिक्षा ब्युरो (EDB) ले NCS विद्यार्थीहरूको एउटा महत्वपूर्ण संख्यालाई भर्ना दिएका विद्यालयहरूलाई "निर्धारित विद्यालयहरू" बन्नका लागि आमन्त्रण गर्दै यी विद्यालयहरूलाई NCS विद्यार्थीहरूको शिक्षण तथा पठनपाठन कार्य, विशेष गरी चीनिया भाषाका विषयहरूमा, सुधार ल्याउनका लागि लक्षित टेवा कार्यक्रमहरू प्रदान गर्दैछ। विद्यालय वर्ष 2008/09 मा 22 निर्धारित विद्यालयहरू हुनेछन् र निर्धारित विद्यालयहरूको सूची परिशिष्टमा दिइएको छ।

- निर्धारित विद्यालयहरूमा लक्षित टेवा पुर्‍याउने उद्देश्य भने NCS विद्यार्थीहरूको शिक्षण तथा पठनपाठन कार्यमा उनीहरूको अनुभवहरूको संगालो तथा क्षमता विकास कार्यलाई सहज बनाउनु हो, जसले गर्दा NCS विद्यार्थीहरू भर्ना गर्ने अन्य विद्यालयहरूसित एउटा सहयोगी सञ्जालका माध्यमबाट अनुभवहरू आदान प्रदान गर्नलाई उनीहरू एउटा केन्द्र बिन्दुको रुपमा काम गर्न सक्नेछन्, जसको फलस्वरुप स्थानीय विद्यालयहरूका सम्पूर्ण NCS विद्यार्थीहरूले सो व्यवस्थाबाट फाइदा लिन सक्नेछन्।

- हाम्रो सहयोगलाई माथिल्लो चरणमा लानलाई "निर्धारित विद्यालयहरू" को संख्यामा वृद्धि गरेर हामीले 2006/07 विद्यालय वर्षको 15 बाट 2009/10 विद्यालय वर्षमा 26 पुर्‍याएका छौँ साथै विद्यालय वर्ष 2010/11 मा अझै बढाएर 28 मा पुर्‍याउनेछौँ। निर्धारित विद्यालयहरूको सूची परिशिष्टमा दिइएको छ। यसबाहेक, यी विद्यालयहरूलाई विद्यालयमा आधारित सहायता उपायहरूको कार्यान्वयनमा सहयोग गर्न विद्यालय वर्ष 2008/09 देखि हामीले "निर्धारित विद्यालयहरू" को $300,000 को वार्षिक विशेष अनुदानलाई एउटा नियन्त्रित अनुदानमा बद्लेका छौँ तथा सम्बन्धित "निर्धारित विद्यालयहरू" को NCS विद्यार्थीहरूको संख्याका आधारमा विशेष अनुदानको सीमालाई बढाएर $600,000 पुर्‍याएका छौँ।

### *NCS विद्यार्थीहरूको लागि चीनिया भाषा पाठ्यक्रमबारे परिपूरक निर्देशन*

- NCS विद्यार्थीहरूको पठनपाठनका सिलसिलामा चीनिया भाषाका प्रयोग गर्नेबारे सिद्धान्त, रणनीति तथा सुझावहरू उपलब्ध गराउने परिपूरक निर्देशनको रुपमा हामीले चीनिया भाषाका शिक्षकहरूका लागि अतिरिक्त टेवा प्रदान गरेका छौं। गाइडलाई उपयुक्त शिक्षण सन्दर्भ सामग्रीहरूका साथ डिसम्बर 2008 देखि विद्यालयहरूमा पठाइएको छ। प्राथमिक तथा माध्यमिक दुवै स्तरहरूलाई समेटेर सिकाइ सामग्रीहरूको पहिलो थान EDB वेबसाइटमा जून 2009 मा अपलोड गरिसकिएको छ, र पाठ्यपुस्तकका रुपमा मुद्रित प्रतिहरू विद्यालय र NCS विद्यार्थीहरूमा सेप्टेम्बर 2009 मा वितरण गरिएको छ। यी सामग्रीहरूको अन्तिम प्रति 2010 मा पूरा गरिनेछ।

### *प्राथमिक विद्यालयका चीनिया भाषाका शिक्षकहरूका लागि तालीम कार्यक्रमहरू*

- NCS विद्यार्थीहरू हुने प्राथमिक विद्यालयका चीनिया भाषाका शिक्षकहरूका लागि विद्यालय वर्ष 2006/07 देखि 5 वटा तालीम कार्यक्रमहरू संचालन गर्नका लागि हामीले हंगकंग पोलिटेक्निक विश्वविद्यालयलाई जिम्मा दिएका छौं। NCS विद्यार्थीहरूलाई चीनिया भाषा पढाउने निर्धारित अथवा गैर निर्धारित विद्यालयहरूका सबै शिक्षकहरूले सान्दर्भिक व्यावसायिक विकास कार्यक्रमहरूमा भाग लिन सक्नेछन्।

- विद्यालय वर्ष 2009/10 तथा 2010/11 भरिनै तालीम कार्यक्रमहरू चलिरहनेछन्। बोलपत्र प्रक्रियाहरू पूरा भएपछि विस्तृत विवरण दिइनेछ।

### *चीनिया भाषा पठनपाठन सहायता केन्द्र*

- हंगकंग विश्वविद्यालयलाई जिम्मा दिइएको चीनिया भाषा पठनपाठन सहायता केन्द्र (केन्द्र) ले NCS विद्यार्थीहरू, विशेष गरी चीनिया भाषा सिक्नमा ढिलाई भएका विद्यार्थीहरूका लागि विद्यालय समयपश्चात अथवा विदाका समयमा समाधान कार्यक्रमहरू प्रदान गरेको छ। विद्यालय वर्ष 2008/09 मा केन्द्रको निर्धारित शाखाहरूको संख्यालाई 8 बाट बढाएर 2009/10 मा 10 पुर्याइएको छ। केन्द्रले सान्दर्भिक शिक्षण स्रोतहरूको विकासमा पनि सहयोग गर्दछ तथा व्यावसायिक विकास कार्यशालाहरूको आयोजनाद्वारा NCS विद्यार्थीहरूका शिक्षकलाई पनि सहयोग गर्दछ।

### *समर ब्रिजिंग कार्यक्रम*

- समर 2007 देखि शुरू भएर, मूल रुपमा आगमनकर्ता NCS प्राइमरि 1 प्रवेशकर्ताहरूमा मात्र सीमित 4 हप्ते समर ब्रिजिंग कार्यक्रमलाई उनीहरूको की लर्निंग स्टेज 1 मा सिकेका कुराहरूलाई संस्मरण गर्न तथा की लर्निंग स्टेज 2 मा जाने तयारीमा सहायता गर्ने

उद्देश्यले प्राइमरि 2, प्राइमरि 3 तथा प्राइमरि 4 मा जाने NCS विद्यार्थीहरूमा पनि थप गरिएको छ।

*NCS विद्यार्थीहरूका उच्च शिक्षाका आकांक्षाहरूको पूर्ती गर्ने उपायहरू*

- हंगकंग इक्जामिनेशन एन्ड एसेसमन्ट अथोरिटि (HKEAA) बाट चीनिया भाषाका वैकल्पिक योग्यता हासिल गर्न चाहने विद्यार्थीहरूका लागि हामीले हंगकंगमा 2007 सालदेखि जेनरल सर्टिफिकेट अभ सेकेन्डरी एड्युकेशन (GCSE) (चीनिया) परीक्षा संचालन गरेका छौं।

- NCS विद्यार्थीहरूलाई चीनिया भाषा सिक्ने प्रोत्साहनका रुपमा, 2010 सालदेखि, EDB ले GCSE (चीनिया) मा भाग लिने योग्य विद्यार्थीहरूको जाँच शुल्कमा सहुलियत दिएर हंगकंग सर्टिफिकेट अभ एड्यूकेशन एक्जामिनेशन (चीनिया) अथवा भविष्यको हंगकंग डिप्लोमा अभ सेकेन्डरि एड्यूकेशन (चीनिया) समान बनाउन HKEAA सित प्रवन्ध मिलाएको छ।

- 2008 को ट्रायलपछि, 2009 देखि शुरु भएर, विद्यालयहरूले चीनिया भाषाका वैकल्पिक योग्यता भएका S5 विद्यार्थीहरूलाई स्वीकार गर्न तथा हरेक वर्ष अगस्ट महिनाको अन्तमा उपयुक्त जाँचको नतिजा आइनपुगेका योग्य तथा निर्धारित शर्तहरू पूरा गरेका र सम्पूर्ण भर्ना आवश्यकताहरू अरु सरहनै समान रुपमा पूरा गर्ने आवेदकहरूलाई S6 एडमिशन प्रक्रियाको प्रत्येक चरण मा विशेष परिस्थिति अन्तर्गत सर्शर्त स्थान उपलब्ध गराउनुपर्दछ।

- 2008 देखि शुरू भएर विश्वविद्यालय अनुदान समितिबाट अनुदानप्राप्त संस्थानहरूले जोइन्ट युनिभर्सिटि प्रोग्राम्स एडमिशन सिस्टमका विशेष परिस्थिति अन्तर्गत आवेदनका लागि GCSE (चीनिया) लगायतका चीनिया भाषाका वैकल्पिक योग्यता स्वीकार गर्न थप सहुलियत प्रदान गरेको छ। हाम्रा स्थानीय विद्यालयमा अध्ययनरत तथा चीनिया भाषा सिक्न तत्पर NCS विद्यार्थीहरूका उच्च शिक्षाका आकांक्षाको पूर्तीका लागि संस्थानहरूद्वारा उठाइएको यो एउटा महत्वपूर्ण कदम हो।

*NCS मातापिताहरूका लागि जानकारी*

- NCS मातापिताहरूको सजिलोको लागि स्थानीय शिक्षा प्रणालीबारे जानकारी (अर्थात, गैर चीनिया भाषी मातापिता जानकारी सामग्री), सम्बन्धित विद्यालय आवंटन प्रक्रिया अन्तर्गत प्राइमरि 1 तथा सेकेन्डरी 1 स्थानका लागि आवेदन, चीनिया भाषा पाठ्यक्रमबारे परिपूरक निर्देशनको कार्यकारि सारांश, NCS विद्यार्थीहरूका लागि विशेष सहायता उपायहरू तथा शिक्षण माध्यमको फाइन ट्युनिङलाई प्रमुख जातीय भाषाहरूमा अनुवाद गरिएको छ।

- जानकारी उपलब्ध गर्दा समकालिक दोभाषे सेवा प्रदान गरिन्छ, तथा आवश्यक भएमा, प्रमुख जातीय भाषाहरूका दोभाषे सेवा पनि उपलब्ध गर्न सकिनेछ।

- NCS मातापिताहरूलाई हाम्रो सेवाबारे बुझाउने उद्देश्यले एउटा विशेष वेबसाइट (http://www.edb.gov.hk/ncs) उपलब्ध गराइएको छ।

शिक्षा ब्युरो
जुलाई 2010

परिशिष्ट

# 2010/11 विद्यालय वर्षको निर्धारित विद्यालय सूची

| क्षेत्र | जिल्ला | | स्तर | विद्यालयको नाम |
|---|---|---|---|---|
| Hong Kong | 1. | Wan Chai | Primary School | Sir Ellis Kadoorie (Sookunpo) Primary School |
| | 2. | Wan Chai | | Li Sing Tai Hang School |
| | 3. | Wan Chai | | Po Kok Primary School |
| | 4. | Central & Western | | Chiu Sheung School Hong Kong |
| | 5. | Hong Kong East | Secondary School | Islamic Kasim Tuet Memorial College |
| | 6. | Central & Western | | St Margaret's Girls' College, Hong Kong |
| Kowloon | 7. | Kwun Tong | Primary School | Hong Kong Taoist Association School |
| | 8. | Kwun Tong | | Man Kiu Association Primary School |
| | 9. | Wong Tai Sin | | Islamic Dharwood Pau Memorial Primary School |
| | 10. | Yau Tsim & Mong Kok | | Yaumati Kaifong Association School |
| | 11. | Yau Tsim & Mong Kok | | Jordon Road Government Primary School |
| | 12. | Sham Shui Po | | Li Cheng Uk Government Primary School |
| | 13. | Kwun Tong | Secondary School | Delia Memorial School (Hip Wo) |
| | 14. | Sham Shui Po | | Delia Memorial School (Broadway) |
| | 15. | Yau Tsim & Mong Kok | | Sir Ellis Kadoorie Secondary School (West Kowloon) |
| New Territories | 16. | Kwai Chung & Tsing Yi | Primary School | C.N.E.C. Ta Tung School |
| | 17. | Kwai Chung & Tsing Yi | | Tsing Yi Trade Association Primary School |
| | 18. | Tuen Mun | | Islamic Primary School |
| | 19. | Yuen Long | | Pat Heung Central Primary School |
| | 20. | Yuen Long | | Yuen Long Long Ping Estate Tung Koon Primary School |
| | 21. | Islands | | Po On Commercial Association Wan Ho Kan Primary School |
| | 22. | Islands | | Bui O Public School |
| | 23. | Islands | | Northern Lamma School * |
| | 24. | Sai Kung | | Sai Kung Central Lee Siu Yam Memorial School * |
| | 25. | Tuen Mun | Secondary School | Caritas Tuen Mun Marden Foundation Secondary School |
| | 26. | Yuen Long | | Pak Kau College |
| | 27. | Yuen Long | | Bethel High School |
| | 28. | Islands | | Buddhist Fat Ho Memorial College |

* 2010/11 विद्यालय वर्षमा सामेल भएका विद्यालयहरू